नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं

## प्रेस विज्ञप्ती- ३९

### "ज्यान सम्बन्धी कसूरका अभियुक्त १५ वर्ष पछि पक्राउ"

मिति २०६४/०८/१४ गते दिनको १३:३५ बजेको समयमा का.जि. का.म.न.पा वडा नं. ३४ शान्तिनगरमा जि. सुनसरी धरान न.पा. वडा नं. १५ घर भई काठमाण्डौ ३५ कोटेश्वर बस्ने अन्दाजी बर्ष २० को रोशन लिम्बु समेतका व्यक्तिहरूले नयाँ बानेश्वर स्थित K & K College मा एक अर्का बिच हेराहेर भएको विषयलाई लिएर विवाद हुँदा नगेन्द्र लिम्बु, रिजन राई समेतलाई धारिलो हतियार प्रहार गरी सख्त घाईते बनाएकोमा घाईतेहरूको काठमाण्डौ मेडिकल कलेज सिनामंगलमा उपचार हुदा हुँदै मिति २०६४/०८/१७ गते राती अन्दाजी २१:२० बजेको समयमा घाईते मध्यका जिल्ला सुनसरी इटहरी न.पा. वडा नं. १ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३४ बस्ने बर्ष २१ को नगेन्द्र लिम्बुको मृत्यु भएको घटनाको अनुसन्धान गर्ने क्रममा घटनामा संलग्न मध्येका पुष्पराज लिम्बु कीर्तिपुर वडा एरियामा लुकिछिपी रहेको खुलेकोले निजको खोजतलास गर्ने क्रममा मिति २०७९।०९।१४ गते जिल्ला काठमाडौँ कीर्तिपुर न.पा. वडा नं. ३ ढल्पामा फेला पारी निजलाई पक्राउ गरी यस कार्यालयमा दाखिला गरेकोमा निजलाई थप कानूनी कारवाहीको लागि प्रहरी वृत्त नयाँ बानेश्वरमा बुझाईएको व्यहोरा अनुरोध गरिएको छ।

**पक्राउ प्रतिवादी :-**



**नाम:** पुष्पराज लिम्बु (लिङ्थेप)
**उमेर:** ४३ बर्ष
**ठेगाना:** जिल्ला संखुवासभा मादि न.पा. वडा नं. ८ मावादिन
**पक्राउ मिति:** २०७९/०९/१४ गते
**पक्राउ स्थान:** जिल्ला काठमाण्डौं किर्तिपुर न.पा.वडा नं. ३ ढल्पा

**मिति २०७९।०९।१४ गते।**

प्रहरी उपरीक्षक
(कमल थापा)
प्रवक्ता एवंम सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११